मिति- २०७६/१२/२९

बैठक संख्या -१७

आज मिति २०७६ साल चैत्र २९ गते शनिवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको वैठक तपशिल बमोजिम कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थित**

| **सि.न.** | **पद** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्रा राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सदस्य-सचिव | श्री  याम बहादुर उपरकोटी | |

| | | | |
|---|---|---|---|
| **१९** | | | |
| **२०** | | | |

प्रस्तावहरु

१. **आमचोक गाँउपालिका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत समन्वन्धि मापढण्ड २०७६ पारित सम्वन्धमा ।**

२. **कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको सञ्चालन सम्बन्धी कार्यविधि २०७६ पारित सम्वन्धमा ।**

३. **कोरोना रोकथाम नियन्त्रण र उपचारकोष संचालन र श्रोत व्यवस्थापन सम्वन्धमा ।**

४. **अपांङ्ग लक्षित कार्यक्रम र सौर्य उर्जा खरिद सम्झौता सम्वन्धमा ।**

५. **कर्मचारी सम्वन्धमा ।**

६. **सर्वदलिय/सर्वपक्षिय वैठक सम्वन्धमा ।**

**निर्णयहरु**

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै विश्वव्यापि माहामारी वनेको कोविड १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थावाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानिय तहवाट राहत उपलव्ध गराउने गरि नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भइ जारि भएको नमुना मापढण्डको आधारमा वनाइएको **"आमचोक गाँउपालिका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्वन्धि मापढण्ड २०७६"** पारित गर्ने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै_आमचोक गाउँपालिका क्षेत्रभित्र गैरप्राकृतिक विपद् कोरोना भाइरस (कोभिड-१९) बाट हुन सक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको सञ्चालन सम्बन्धी कार्यविधि बनाउन वाञ्छनीय भै नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७६ चैत्र १६ गतेको निर्णय बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयबाट कोभिड १९ को कारण प्रभावित क्षेत्रहरुका लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ को बुँदा (१) को (४) **बमोजिम तथा आमचोक गाउँपालिकाको विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६** ले दिएको अधिकार प्रयोग गरि **आमचोक गाउँपालिका** कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ पारित गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाँउपालिका कोरोना भाइरसको कारण उत्पन्न भएको वा हुनसक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धि कार्यका लागि आवश्यक पर्ने श्रोत संकलन र परिचालन गर्ने आमचोक गाँउपालिकाका लागि प्रस्तावित **कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष** देहाय वमोजिमका श्रोतवाट रकम संकलन गर्ने निर्णय गरियो ।

क. आमचोक गा.पा. विपद व्यवस्थापन कोषमा मौजाद रकमको ५० प्रतिशत रकम ।

ख. आमचोक गाँउपालिका प्रमुख उपप्रमुखको एक महिनाको सेवा सुविधा वापतको रकम, गाउँपालिका वडाध्यक्षवाट प्रति अध्यक्ष रु ५०००।-,कार्यापालिका सदस्यहरुवाट प्रतिसदस्य रु २५००।- वडासदस्यहरुवाट प्रतिसदस्य रु १०००।- को दरले हुन आउने रकम कोषमा जम्मा गर्ने निर्णय गरियो ।

ग. गाँउपालिकावाट सार्वजनिक सुचना मार्फत आह्वान गरि कोषमा विभिन्न संघ, संस्था, व्यक्ति एंव दाताहरुवाट प्राप्त हुने जिन्सि तथा मौद्रिक रकम ।

घ. गाँउपालिकाका कर्मचारीवाट स्वेच्छिक रुपमा कोषमा जम्मा गरिएको रकम ।

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाँउपालिकाको अपाङ्ग लक्षित कार्यक्रम संचालन तथा सोलार खरिदका लागि भएको खरिद प्रकृयावाट खरिद समितिले छनौट गरि तपशिलका गैसस/सेवा प्रदायक संस्था/कम्पनि/सप्लायर्ससँग सम्झौता गरी कार्यान्वयन हुन सिफारिस भै आएकोमा खरिद समितिवाट भएको छनौटको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**क. अपाङ्ग लक्षित कार्यक्रम संचालन**

छनौट भएको संस्थाको नामः विकास र सचेतनाको लागि सामाजिक संस्था भोजपुर

**ख. सोलार खरिद**

छनौट भएको कम्पनिको नामः सौर्य इनर्जी प्रा.लि काठमाण्डौ नेपाल

५. उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै लक डाउनको अवधिमा घर रहेका कर्मचारी हाजिर हुन कार्यालयमा आउन निर्देशन गर्ने निर्णय गरियो ।

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै कोरोना भाइरस रोकथाम, नियन्त्रण सम्वन्धमा मिति २०७६/१२/३० मा सर्वदलिय/सर्वपक्षिय वैठक गर्ने निर्णय गरियो ।